"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी: समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका

## अवलचिङ्ग, सुर्खेत

# वार्षिक नीति तथा कार्यक्रम

चिङ्गाड गाउँपालिकाको २१ औं गाउँ सभामा चिङ्गाड गाउँपालिका अध्यक्ष श्री बोधविक्रम जि.सी.ज्यूले गर्नु प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम

मितिः २०८३।०३।०५ गते

## चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### अवलचिङ्ग, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

**गाउँसभाका सदस्यज्यूहरू,**

नेपाली नागरिकको बलिदानीपूर्ण संघर्ष र वीर सहिदहरूको अतुलनीय त्यागबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई स्थानीय स्तरमा संस्थागत र सुदृढ गर्नु हामी सबैको साझा संवैधानिक दायित्व हो। यसै संवैधानिक मर्म र भावनालाई शिरोधार्य गर्दै चिङ्गाड गाउँपालिकाको यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ। यस ऐतिहासिक घडीमा मुलुकको राजनीतिक परिवर्तन र नागरिक अधिकार प्राप्तिका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै, राष्ट्रिय आन्दोलनका क्रममा बेपत्ता पारिएका, घाइते तथा अपाङ्गता भएका योद्धाहरूको उच्च योगदानलाई सम्मानका साथ स्मरण गर्दछु। नेपालको संविधानले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै चिङ्गाडको समुन्नतिका लागि तीनै तहका सरकारको एकीकृत प्रयास र सहकार्य आजको अनिवार्य आवश्यकता रहेको छ।

**सभा सदस्यज्यूहरू,**

**चिङ्गाड गाउँपालिकाका नीति तथा कार्यक्रमहरू देहाय बमोजिम रहेका छन्।**

१. **कृषि, पर्यटन, पूर्वाधार र रोजगारी: समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी** भन्ने यस गाउँपालिकाको दीर्घकालीन सोचलाई साकार बनाउन सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार, विभिन्न सरकारी निकायहरू, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँग आपसी समन्वय, सहकार्य तथा साझेदारीमा योजना तथा कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गरिनेछ। यसरी तर्जुमा गरिएका योजना तथा कार्यक्रमहरूलाई व्यवस्थित र प्रभावकारी तवरले कार्यान्वयन गर्नका लागि यस क्षेत्रका सम्पूर्ण राजनीतिक दलहरू, स्थानीय समुदाय र सरोकारवालाहरूको सहयोग र सहकार्यको लागि आव्हान गर्दछु।

२. यस गाउँपालिकामा कार्यक्षेत्र भएका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू एकद्वार प्रणाली मार्फत गाउँपालिका तथा वडा समितिको समन्वय र सहकार्यमा योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्नुपर्ने नीति अवलम्वन गरिनेछ। आफ्नो नीति तथा कार्यक्रममा रही उत्कृष्ट कार्यसम्पादन गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थालाई प्रोत्साहन र पुरस्कृत गर्ने तथा उत्कृष्ट कार्यसम्पादन नगर्ने र यस गाउँपालिकाको नीति पालना नगर्ने संघ संस्थालाई दण्ड गर्ने नीति अवलम्बन गरिनेछ।

३. गाउँपालिकाभित्र रहेका कृषि योग्य जमिनको अधिकतम उपयोग गरी बाँझो जमिनलाई उपयोगमा ल्याउने, खाद्यान्न उत्पादन वृद्धि गर्ने तथा कृषिलाई सम्मानित र व्यवसायिक पेशाको रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ। कृषकहरूको उत्पादन लागत घटाई उत्पादन र

उत्पादकत्व वृद्धि गर्न उन्नत बीउबिजन, कृषि सामग्री, कृषि यन्त्र उपकरण तथा प्राविधिक सेवामा सहज पहुँच विस्तार गरिनेछ।

४. तरकारी, फलफूल, नगदेबाली, जडिबुटि तथा उच्च मूल्यका कृषि उत्पादनको पकेट क्षेत्र विकास गरी कृषि उत्पादनलाई व्यवसायीकरण र बजारीकरणसँग जोडिनेछ। माटो परीक्षण सेवाको विस्तार गरी माटोको गुणस्तर अनुसार खेती प्रणाली विकास गर्दै उत्पादन वृद्धि र प्राङ्गारिक मलको उचित प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

५. पशु स्वास्थ्य सेवामा सबै कृषकको पहुँच सुनिश्चित गर्न नियमित पशु स्वास्थ्य शिविर, खोप कार्यक्रम, कृत्रिम गर्भाधान सेवा तथा पशु रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ। उन्नत जातका पशुपंक्षीको विकास तथा विस्तार गरी पशुजन्य उत्पादनको गुणस्तर र उत्पादकत्व वृद्धि गरिनेछ। पशु आहार व्यवस्थापन सुधार गर्न घाँसेबाली विकास तथा पोषणयुक्त पशु आहार उत्पादन कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

६. प्राङ्गारिक खेतिलाई प्रोत्साहन गर्दै व्यवसायिक तरकारी, फलफूल, खाद्यान्नवाली, च्याउ तथा मौरी पकेट कार्यक्रमहरू संचालन गरिनेछ। साथै प्राङ्गारिक मलको उत्पादन, प्रयोग तथा बजारीकरणमा प्रोत्साहन गरिनेछ। गाउँपालिका भित्रका ६ वटै वडामा भौगोलिक, प्राविधिक र आर्थिक सम्भावनाको आधारमा **एक वडा एक उत्पादन कार्यक्रम** संचालन गरिनेछ। सामुदायिक वीउ बैंक स्थापना गरी यस क्षेत्रमा रहेका स्थानीय वाली वस्तुहरूका जातको संरक्षण, प्रबर्धन र उपयोग गरिनेछ। कृषक तथा कृषि प्राबिधिकहरूको कृषि क्षेत्रका नयाँ प्रबिधिहरूको जानकारी, अनुसरण गराउन विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

७. कृषि पेशामा हुने प्राकृतिक जोखिम न्यूनीकरणका लागि **कृषि बीमा** कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। किसान सूचीकरण प्रणालीलाई व्यवस्थित गर्दै कृषकहरूको व्यावसायिक र निर्वाहमुखी वर्गीकरण गरिनेछ; जसअन्तर्गत व्यावसायिक कृषकलाई प्रतिस्पर्धी एवं नाफामूलक कृषि उद्यममा प्रोत्साहन गरिनेछ भने निर्वाहमुखी कृषकलाई उन्नत बीउ, मल र प्रविधि जस्ता उत्पादन सामग्रीहरूमा विशेष सहुलियत र पहुँच सुनिश्चित गरिनेछ।

८. प्राविधिक ज्ञानको अभावमा बालीमा लाग्ने रोगव्याधीले हुने क्षति कम गर्न कृषि प्राविधिकहरू महिनाको निश्चित दिन प्रत्येक टोलमा पुगेर सेवा दिने गरी **"बाली उपचार शिविर"** सेवा सञ्चालन गरिनेछ। **गोठ देखि ओठ सम्म** स्वच्छ पशुजन्य पदार्थ उत्पादन तथा सेवन गर्ने नीति अवलम्बन गरिनेछ। बजारको माग अनुसार उच्च मूल्य प्राप्त गर्ने प्रजातिहरू (बाख्रा, स्थानीय कुखुरा) को उत्पादनमा जोड दिईनेछ।

९. पशुपन्छीहरूलाई सङ्क्रामक तथा आर्थिक महत्त्वका रोगहरूबाट जोगाउन गाउँपालिका भित्रका सबै वडाहरूमा नियमित, अभियानमुखी तथा निःशुल्क खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ। रेबिज रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय पशुपन्छी उत्पादन प्रबर्द्धन गर्ने: सम्भावित पशुपालनको क्षेत्र पहिचान गरि **एक वडा एक**

**पशुवस्तु कार्यक्रम** सञ्चालन गरिनेछ। दुध उत्पादनको प्रमुख आधारः कृत्रिम गर्भाधानद्वारा नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

१०. गाउँपालिकामा सञ्चालित सहकारी संस्थाहरूलाई सुशासनयुक्त, पारदर्शी र आर्थिक रूपमा सवल बनाउन नियमित अनुगमन, नियमन र प्रशिक्षण कार्यक्रमलाई तीव्रता दिइनेछ भने निष्क्रिय एवं कमजोर सहकारीहरूलाई आवश्यकता अनुसार गाभ्ने (मर्ज) वा खारेजी गर्ने नीति अवलम्बन गरिनेछ।

११. पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न स्थानीयस्तरमा रहेका पर्यटकीय, ऐतिहासिक, सामाजिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरूको पहिचान, विकास र व्यवस्थित गरी प्रचारप्रसार गरिनेछ। स्थानीय कला, साहित्य, संस्कृतिको संरक्षण, सम्वर्द्धन र पहिचानमा जोड दिदै स्थानीय प्रतिभाहरूको पहिचान गरिनेछ।

१२. चिङ्गाडमा बसोबास गर्ने विभिन्न जातजाति र समुदायका मौलिक भेषभुषा, मातृभाषा, परम्परागत कला र सांस्कृतिक मूल्यमान्यताहरूलाई पालिकाको गौरवको रूपमा जगेर्ना गरिनेछ र नयाँ पुस्तामा यी सीप एवं ज्ञान हस्तान्तरण गर्नका लागि विशेष प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३. बालबालिका र युवाहरूको सिर्जनात्मक क्षमता विकासका लागि विद्यालय तथा टोलस्तरमा कविता, निबन्ध, चित्रकला, नाटक एवं लोक गीत-सङ्गीत प्रतियोगिताहरू आयोजना गरी भाषा र साहित्यप्रतिको अभिरुचि अभिवृद्धि गरिनेछ र स्थानीय स्रष्टाहरूको सम्मानका लागि वार्षिक **"साहित्यिक एवं सांस्कृतिक उत्सव"** आयोजना गरिनेछ।

१४. स्थानीय स्तरमा प्रचलित परम्परागत नृत्य, लोक बाजाहरू र सांस्कृतिक मेलाहरूलाई दस्तावेजीकरण गरी तिनको मौलिकता जोगाउन र प्रचार-प्रसार गर्न डिजिटल माध्यमको प्रयोग गरिनेछ, जसले गर्दा चिङ्गाडको संस्कृतिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान दिलाउन सहयोग पुग्नेछ।

१५. समाजमा व्याप्त बालविवाह, बहुविवाह, छुवाछुत, लैङ्गिक हिंसा र लागू औषध दुर्व्यसन जस्ता कुरीतिहरू विरुद्ध **"शून्य सहनशीलता"** को नीति लिइनेछ र यस्ता समस्या न्यूनीकरणका लागि आमा समूह, युवा क्लब र विद्यालयहरूसँगको साझेदारीमा टोल-टोलमा सचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

१६. दलित, आदिवासी जनजाति, सीमान्तकृत र पिछडिएको वर्गको उत्थानका लागि उनीहरूको परम्परागत सीप र पेशालाई आधुनिकीकरण गर्दै आयआर्जनका कार्यक्रमहरूमा विशेष प्राथमिकता दिइनेछ र सबै समुदायका नागरिकहरूका लागि राज्य प्रदत्त अवसरहरूमा समान पहुँच र सहभागिता सुनिश्चित गरिनेछ।

१७. शिक्षकहरूको पेसागत क्षमता, शिक्षण कला, र प्रविधिमैत्री व्यावसायिक दक्षता अभिवृद्धिका लागि आधुनिक शिक्षण विधि तथा डिजिटल सिकाइ सामग्री निर्माणसम्बन्धी आवधिक पुनर्ताजगीका

लागि विशेष तालिम नियमित रूपमा सञ्चालन गरिनेछ। गाउँपालिका भित्रका आधारभूत विद्यालयहरूमा स्थानीय भूगोल, इतिहास, संस्कृति, रैथाने ज्ञान र पहिचानलाई समेटेर निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई विद्यालयहरूमा अनिवार्य रूपमा पूर्ण रूपले कार्यान्वयनमा ल्याइनेछ।

१८. गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरु पूर्ण रूपमा स्मार्ट कक्षामा रूपान्तरण गरिनेछ। र अन्य विद्यालयहरूमा कम्तीमा **एक विद्यालय एक स्मार्ट कक्षामा रूपान्तरण गर्न** स्मार्ट बोर्ड तथा डिजिटाइजेसनका सामग्रीहरूसहित स्मार्ट कक्षा सञ्चालन गरिनेछ। भौगोलिक विकटतालाई मध्यनजर गर्दै आवासीय विद्यालय कार्यक्रमलाई विस्तार तथा निरन्तरता दिइनेछ।

१९. आधारभूत तह र SEE परीक्षाको नतिजा सुधारका निमित्त कमजोर विषयमा अतिरिक्त कक्षा तथा परीक्षा सञ्चालनका साथै विद्यार्थी परामर्श कार्यक्रम सञ्चालन गरिनेछ। पढाइ व्यवस्थापन अनुदानलाई विषयगत आवश्यकता र विद्यार्थी संख्याका आधारमा निरन्तरता दिइनेछ र विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानध्यापक व्यवस्थापनको कार्य गरिनेछ।

२०. विद्यार्थीका निम्ति अतिरिक्त क्रियाकलाप र अभिभावकका निम्ति अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। गरिब जेहन्दार र अनाथ बालबालिकाकाको शिक्षामा पहुँचका लागि छात्रवृत्तिका कार्यक्रम तयार गरी कार्यन्वयन गरिनेछ। उत्कृष्ट कार्य गर्ने शिक्षक तथा विद्यालय कर्मचारी र विद्यार्थीलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

२१. विद्यालयहरूमा यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य र सरसफाइ सम्बन्धी सचेतना कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

२२. चिङ्गाड गाउँपालिकाले संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सेवा तथा समान पहुँचको अधिकारलाई कार्यान्वयन गर्दै गुणस्तरीय, सर्वसुलभ र प्रभावकारी स्वास्थ्य सेवा विस्तार गर्ने नीति लिएको छ। यस अन्तर्गत स्वास्थ्य संस्थाको सुदृढीकरण गरि आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य ईकाइलाई एक अर्कामा मर्ज गर्ने, १५ शैयाको अस्पताल निर्माण, प्रयोगशाला सेवा विस्तार, सरसफाइ व्यवस्थापन तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ।

२३. मातृ तथा शिशु स्वास्थ्य सुधारका लागि अल्ट्रासाउन्ड सेवा निरन्तर सञ्चालन, एकिकृत एम्बुलेन्स सेवा तथा पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका निर्माणलाई प्राथमिकता दिइनेछ। पोषण सुधारका लागि सुनौला हजार दिनका आमा तथा बालबालिकामुखी कार्यक्रम सञ्चालन गरी पोषणमैत्री स्थानीय शासन घोषणा गर्ने तयारी गरिनेछ।

२४. नसर्ने रोग, मानसिक स्वास्थ्य, क्षयरोग, एचआईभी/एड्स तथा यौनजन्य रोगको रोकथाम, पहिचान र उपचारलाई प्रभावकारी बनाइनेछ। "मनको चौतारी" परामर्श सेवा, नसर्ने रोग स्क्रिनिङ, घुम्ती स्वास्थ्य शिविर तथा टोल– टोलमा स्वास्थ्य सेवा अभियान सञ्चालन गरिनेछ। साथै जटिल रोग

तथा मनोसामाजिक समस्या भएका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य बीमामार्फत सहयोग गरिनेछ। "हरेक महिनाको कम्तीमा एक शनिबार, स्वास्थ्यकर्मी पुग्नेछन् टोल-टोलमा" अभियान मार्फत ६० वर्ष माथिका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको प्रत्येक महिना घरदैलोमै रक्तचाप, मधुमेह जस्ता नसर्ने रोगहरूको स्क्रिनिङ र स्वास्थ्य परीक्षण सेवा पुऱ्याइनेछ।

२५. आयुर्वेद, योग तथा आरोग्य सेवाको प्रवर्द्धन, विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन, स्वास्थ्य सेवा डिजिटलीकरण तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मिको क्षमता विकास र प्रोत्साहनमार्फत स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी र नागरिकमैत्री बनाइनेछ।

२६. महामारी जन्य रोगहरू (जस्तैः डेंगु, हैजा, स्क्रब टाइफस आदि) को पूर्वतयारी तथा प्रतिकार्यका लागि गाउँपालिकामा **आकस्मिक स्वास्थ्य कोष** र द्रुत प्रतिकार्य टोली (RRT) लाई तम्तयार अवस्थामा राखिनेछ।

२७. महिलाहरूलाई आत्मनिर्भर गराउन आयआर्जनमूलक सीप विकास तालिम संचालन गरी उद्यमी बन्न उत्प्रेरित गर्दै घरेलु हिंसा, लैङ्गिक हिंसा, छुवाछुत, बलात्कार, बालविवाह, बहुविवाह, बालश्रम तथा लागुऔषध दुर्व्यसन जस्ता समस्याहरू विरुद्ध वडा तथा पालिका स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ।

२८. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण गरी लैंङ्गिक उत्तरदायी बजेट कोडिङ गरिनेछ। गाउँपालिका तथा वडास्तरिय बालसंजाल गठन तथा प्रभावकारी रुपमा परिचालन गर्दै बालमैत्री स्थानीय शासन प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ।

२९. महिला, बालबालिका,अपाङ्गता भएका व्यक्तिहरू, अल्पसंख्यक, भूमिहिन, अतिगरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरू संचालन गरिनेछ। टोल विकास संस्थाहरूको संस्थागत सुदृढीकरणका लागि पदाधिकारीहरूलाई नेतृत्व विकास, बैठक व्यवस्थापन, योजना तर्जुमा तथा संस्थागत अभिलेख व्यवस्थापन सम्बन्धी सघन तालिम प्रदान गरिनेछ र उनीहरूको दैनिक प्रशासनिक कार्यलाई सहज बनाउन आवश्यक पर्ने आधारभूत भौतिक स्रोत तथा कार्यालय सामग्रीहरू उपलब्ध गराइनेछ।

३०. शिक्षा र खेलकुदलाई विकास गर्न शारीरिक र मानसिक सक्षमतामा अभिवृद्धि गर्न खेल प्रतिको अभिरूचि बढाउन र प्रतिभा पहिचान गर्न अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। शिक्षित यूवाहरूको ज्ञान, सीप र क्षमतालाई राष्ट्र सेवामा समर्पित गराउन लोक सेवा आयोग, सीप विकास कार्यक्रम तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ।

३१. नागरिकको स्वास्थ्य र उपभोक्ता अधिकारको रक्षाका लागि गाउँपालिकाले नियमित रूपमा बजार अनुगमन तथा गुणस्तर जाँच गर्नेछ र म्याद गुज्रेका, अखाद्य एवं गुणस्तरहीन वस्तुहरूको बिक्री-वितरणलाई पूर्ण रूपमा नियन्त्रण गरी सुरक्षित बजार व्यवस्थापन सुनिश्चित गरिनेछ।

३२. स्थानीय स्तरमा प्रचुर मात्रामा उपलब्ध हुने अदुवा, बेसार, टिमुर, अल्लो, सिस्नो र जडीबुटी जस्ता कच्चा पदार्थहरूको प्रशोधन, विविधीकरण र प्याकेजिङ गरी चिङ्गाडको आफ्नै पहिचानसहितको ब्रान्डिङ गर्न लघु तथा घरेलु उद्योग स्थापना गर्ने उद्यमीहरूलाई विशेष सहुलियत र प्रोत्साहन दिइनेछ।

३३. परम्परागत ज्ञान र सीपमा आधारित दुना, टपरी डोको, डालो जस्ता घरेलु उत्पादनहरूलाई आधुनिक प्रविधिसँग जोडी व्यावसायिक बनाइनेछ र स्थानीय उत्पादनहरूको सहज बिक्री वितरणका लागि प्रमुख व्यापारिक केन्द्रहरूमा **"चिङ्गाड कोसेली घर"** वा साझा बिक्री केन्द्रको व्यवस्था मिलाइनेछ।

३४. **लघु उद्यम, घरेलु उद्योग तथा व्यवसायलाई ज्ञान र प्रविधिसँग जोड्दै नवप्रर्वद्धनका कार्यक्रमहरू सञ्चालन गरी गुणस्तरीय एवं प्रतिस्पर्धी उत्पादन तथा उत्पादकत्व क्षमता अभिबृद्धि गरिनेछ। स्थानीय कच्चा वस्तुमा आधारित उद्योग व्यवसायमा जोड दिइनेछ।**

३५. जिल्ला सदरमुकामदेखि पालिका केन्द्र जोड्ने मुख्य मार्ग र पालिकाका रणनीतिक सडकहरूलाई कालोपत्रे एवं व्यवस्थित बनाउन सङ्घीय र प्रदेश सरकारसँग प्रभावकारी समन्वय, सहकार्य र स्रोत साझेदारीको नीति अवलम्बन गरिनेछ।

३६. पूर्वाधार विकासका योजनाहरूलाई अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिका मैत्री बनाइनेछ र निर्धारित गुणस्तर एवं समयसीमा भित्र उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिहरूलाई सार्वजनिक रूपमा सम्मान र प्रोत्साहित गरिनेछ।

३७. निर्माणाधीन १५ शय्याको आधारभूत अस्पतालको भौतिक संरचना निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ तदारुकता दिई समयमै सम्पन्न गरिनेछ, जसले गर्दा नागरिकलाई स्वास्थ्य सेवाको लाभ छिटो छरितो र प्रभावकारी रूपमा पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।

३८. खानेपानी योजनाहरूको दीर्घकालीन सञ्चालन र मर्मत-सम्भारका लागि पालिकास्तरीय बृहत् खानेपानी उपभोक्ता समितिमार्फत योजनाहरूको दिगो व्यवस्थापन, मर्मत कोषको स्थापना र नियमित अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ।

३९. गाउँपालिकाका सबै वडा तथा टोलमा बिद्युत सेवाको सहज पहुँच विस्तार गर्नको लागि **ग्रामीण विद्युतीकरण कार्यक्रम** मार्फत विद्युतीकरण सेवाको विकास, निर्माण,मर्मत र सुदृढीकरण गरि व्यवस्थापन गरिनेछ ।

४०. गाउँपालिकामा सञ्चार तथा सूचना प्रविधि सेवालाई व्यवस्थित, प्रभावकारी र भरपर्दो रुपमा विकास र विस्तार गरिनेछ ।

४१. प्राकृतिक प्रकोपबाट पीडित नागरिकहरूलाई तत्काल राहत र पुनःस्थापनाका लागि **"विपद् व्यवस्थापन कोष"** लाई सुदृढ बनाइनेछ र प्रहरी मुचुल्का एवं वडाको सिफारिसका आधारमा छिटो-छरितो रूपमा राहत उपलब्ध गराउन विद्यमान कानुनी प्रक्रियालाई परिमार्जन गरिनुका साथै टोल विकास संस्था र युवा स्वयंसेवकहरूलाई विपद् प्रतिकार्यमा परिचालन गरिनेछ।

४२. गाउँपालिकास्तरीय न्यायिक समितिलाई सशक्त बनाउँदै स्थानीय स्तरमा उत्पन्न हुने देवानी तथा साना प्रकृतिका विवादहरूलाई मेलमिलाप र आपसी सहमतिका आधारमा समाधान गर्ने प्रक्रियालाई उच्च प्राथमिकता दिइनेछ; साथै न्यायिक समितिको अधिकार क्षेत्र, कानुनी उपचारको विधि र मेलमिलाप केन्द्रहरूको भूमिकाबारे टोल-बस्ती स्तरमा **"कानुनी सचेतना अभियान"** सञ्चालन गरी नागरिकको सस्तो, छिटो र सरल न्यायमा पहुँच सुनिश्चित गरिनेछ।

४३. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरूको समस्या समाधानको लागि सम्बन्धित निकायसँग पहल गरिनेछ। यस क्षेत्रमा रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र उपयोग गरिनेछ।

४४. सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाई पदाधिकारी, कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मीहरूमा जवादेहिता, उत्तरदायित्व र पारदर्शिता संस्कृतिको विकास गरिनेछ। नीतिगत, कानूनी र संस्थागत सुधारमा जोड दिइनेछ। सेवा प्रवाहमा खटिने कर्मचारीहरूको कार्यक्षमता, सदाचार र सेवाग्राहीप्रतिको व्यवहारमा सुधार ल्याउनका लागि नियमित क्षमता विकास तालिम र उत्कृष्ट कर्मचारी पुरस्कारको व्यवस्था गरी उत्प्रेरणा जगाइनेछ।

४५. गाउँपालिकाको विकास बजेट र योजना तर्जुमा प्रक्रियालाई पारदर्शी बनाउन उपभोक्ता समिति र ठेक्का मार्फत हुने सम्पूर्ण आयोजनाहरूको **"आयोजना अनुगमन तथा व्यवस्थापन प्रणाली"** स्थापना गरी भ्रष्टाचारमा शून्य सहनशीलता अपनाइनेछ। सार्वजनिक खरिद प्रक्रियालाई शतप्रतिशत पारदर्शी, प्रतिस्पर्धी, निष्पक्ष र मितव्ययी बनाउन नेपाल सरकारको इलेक्ट्रोनिक खरिद प्रणाली (e-GP) लाई गाउँपालिकाका साना-ठूला सबै खरिदमा पूर्ण रूपमा अवलम्बन गरिनेछ।

४६. गाउँपालिकाका सार्वजनिक महत्त्वका निर्णयहरू, स्वीकृत बजेट, नीति तथा कार्यक्रमहरू नागरिकले सहजै थाहा पाउने गरी वेबसाइट, स्थानीय रेडियो, सामाजिक सञ्जाल र सूचना पाटी मार्फत सार्वजनिक गरी सूचनाको हकको पूर्ण पालना गरिनेछ। आर्थिक वर्षको अन्त्यमा हुने रकमान्तर र बेरुजुको बढ्दो क्रमलाई नियन्त्रण गर्न प्रत्येक त्रैमासिक अवधिमा अनिवार्य रूपमा आन्तरिक लेखापरीक्षण (Internal Audit) गरी वित्तीय अनुशासनलाई कडा रूपमा पालना गराइनेछ।

४७. वन डढेलो, अवैध वन फँडानी तथा वन अतिक्रमण नियन्त्रणका लागि समुदायमा आधारित निगरानी प्रणाली सुदृढ गर्दै सचेतना तथा पूर्वतयारी कार्यक्रम सञ्चालन गरिनेछ। जलाधार क्षेत्र, मुहान, नदी तथा खोला संरक्षणका कार्यक्रम सञ्चालन गरी खानेपानीका स्रोतहरूको दीगो संरक्षण र पुनर्भरण सुनिश्चित गरिनेछ।

४८. बाढी, पहिरो, आगलागी, चटयाङ, भूकम्प, खडेरी तथा अन्य प्राकृतिक तथा मानवीय विपद्को जोखिम पहिचान गरी जोखिम नक्साङ्कन तथा पूर्वतयारी कार्यक्रम सञ्चालन गरिनेछ। विपद्

व्यवस्थापन कोषलाई सुदृढ गर्दै आकस्मिक उद्धार, राहत तथा पुनःस्थापना कार्यलाई प्रभावकारी बनाउन आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ। प्रत्येक वडामा विपद् व्यवस्थापन समिति, स्वयंसेवक समूह तथा समुदायमा आधारित विपद् प्रतिकार्य संयन्त्रलाई सुदृढ गरी गाउँपालिका स्तरमा तत्काल प्रतिकार्य क्षमता विकास गरिनेछ।

४९. जनप्रतिनिधि, कर्मचारी तथा सेवा प्रदायक निकायहरूको कार्यसम्पादनलाई मापनयोग्य सूचकका आधारमा नियमित मूल्याङ्कन गर्ने व्यवस्था गरी उत्कृष्ट कार्यसम्पादनलाई प्रोत्साहन र कमजोर कार्यसम्पादनलाई सुधारमुखी बनाउने नीति अवलम्बन गरिनेछ।

५०. सेवा प्रवाहमा उत्कृष्टता हासिल गर्ने कर्मचारी, वडा कार्यालय, विषयगत शाखा तथा सामुदायिक संस्थाहरूलाई पुरस्कार, सम्मान तथा प्रोत्साहनका कार्यक्रममार्फत उत्प्रेरित गरिनेछ। कार्यसम्पादनमा लापरबाही, गैरजिम्मेवारी, अनियमितता तथा सेवाग्राहीप्रति असंवेदनशील व्यवहार गर्ने व्यक्ति वा निकायप्रति प्रचलित कानुन बमोजिम आवश्यक अनुशासनात्मक कारबाहीको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। कर्मचारी तथा जनप्रतिनिधिको मनोबल उच्च राख्न कार्यसम्पादनमा आधारित प्रोत्साहन, क्षमता विकासका अवसर तथा सकारात्मक कार्यसंस्कृतिको विकास गरिनेछ।

५१. गाउँपालिकामा सेवामुखी, नवप्रवर्तनशील, पारदर्शी र नागरिकमैत्री कार्यसंस्कृतिको विकास गरी सार्वजनिक प्रशासनप्रति नागरिकको विश्वास अभिवृद्धि गरिनेछ। कर्मचारीहरूको पेशागत दक्षता अभिवृद्धि गर्न विषयगत, व्यवस्थापकीय, वित्तीय तथा सूचना प्रविधिसम्बन्धी तालिम तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिनेछ। जनप्रतिनिधिहरूको नेतृत्व विकास, नीति निर्माण, योजना व्यवस्थापन तथा कानुनी ज्ञान अभिवृद्धिका लागि आवश्यक अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५२. भ्रष्टाचार, अनियमितता तथा स्रोत साधनको दुरुपयोग नियन्त्रण गर्न शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सदाचार र नैतिक प्रशासनलाई प्रवर्द्धन गरिनेछ। गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउँदै नागरिकका सुझाव, गुनासा तथा प्रतिक्रियाहरूलाई नीति तथा सेवा सुधारसँग आबद्ध गरिनेछ।

५३. स्थानीय कानुन, नीति, कार्यविधि तथा निर्देशिकाहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै संस्थागत सुशासनलाई थप मजबुत बनाइनेछ। साथै गाउँपालिका क्षेत्रमा विकास निर्माण र सेवा प्रवाह सुधारको लागि नीति, कानून, मापदण्ड बनाइ लागु गरिनेछ।

५४. गाउँपालिकाको सेवा प्रवाहलाई स्वच्छ, सक्षम, निष्पक्ष र भ्रष्टाचारमुक्त बनाउन खुला सरकारको अवधारणा अनुरूप प्रशासनिक प्रक्रियालाई जनउत्तरदायी र सहभागीमूलक बनाइनेछ भने सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणजस्ता कार्यक्रमहरूलाई नियमित गरी पारदर्शिता सुनिश्चित गरिनेछ।

५५. पदाधिकारी, कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको लागि आवश्यकतामा आधारित तालिमको व्यवस्था गरिनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, स्वास्थ्यकर्मी र शिक्षकहरूलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ। कार्यसम्पादनको आधारमा दण्ड पुरस्कारको नीति अवलम्बन गरिनेछ। करार सेवामा कार्यरत कर्मचारीलाई मापदण्डका आधारमा सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ।

५६. गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेटलाई तोकिएको समयमै सफलतापूर्वक कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूबीच नतिजामुखी कार्यसम्पादन सम्झौता गरिनेछ र सोही आधारमा जिम्मेवारी र जवाफदेहिताको सुनिश्चितता गरिनेछ।

५७. सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ। सामाजिक सुरक्षा र पञ्जीकरणलाई थप व्यवस्थापन गरिनेछ।

५८. सार्वजनिक खर्चलाई मितव्ययी र अनुशासित बनाउन आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ र गाउँपालिकाका लागि आवश्यक वस्तु तथा सेवा खरिद गर्दा प्रचलित ऐन-नियम बमोजिम 'खरिद गुरुयोजना' बनाई एकद्वार प्रणालीमार्फत पारदर्शी रूपमा कार्यान्वयन गरिनेछ।

५९. गाउँपालिकाको कर प्रशासनमा सुधार गरिनेछ। करको दायरा बढाउनुको साथै करदाताहरूलाई करको दायरामा ल्याइनेछ। राजस्व प्रणालीमा सुधारको लागि राजस्व सुधार कार्ययोजना बनाइनेछ।

**सभा सदस्यज्यूहरू,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण राय-सुझाव र सहयोग उपलब्ध गराउनुहुने उपाध्यक्ष ज्यू, कार्यपालिका सदस्यहरू, विषयगत समिति, प्रबुद्ध वर्ग, राजनीतिक दल र नागरिक समाजप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, यसको तर्जुमामा अहोरात्र खटिनुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी र सम्पूर्ण चिङ्गाडवासी जनसमुदायमा धन्यवाद ज्ञापन गर्दछु। चिङ्गाडको समृद्धिका लागि लक्षित यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको निरन्तर साथ, सहयोग र सहकार्य रहने पूर्ण अपेक्षा राख्दै बिदा चाहन्छु।

धन्यबाद, नमस्कार। जय चिङ्गाड।

बोधविक्रम जि.सी.
सभाध्यक्ष